**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# मालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... ७ संख्याः... ५ मितिः २०८०।०८।०५

**भाग-२**

**मालिका गाउँपालिका**

**मालिका गाउँपालिका करार सेवामा शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यविधि, २०८०**

आज्ञाले,

विकास खनाल

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०७।०३

# मालिका गाउँपालिका करार सेवामा शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः मालिका गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा २४ र मालिका गाउँपालिका शिक्षा नियमावली, २०७५ को नियम ५३(४) र **मालिका गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४** अधिनमा रही मालिका गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, बालविकास सहजकर्ता, गाउँपालिकाको स्रोतबाट तलब खाने पदमा नियुक्त हुने शिक्षक, कर्मचारी, प्रारम्भिक विद्यालय शिक्षक, विद्यालय सहायक तथा सामाजिक परिचालिकाहरूको करार तथा अस्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्नको लागि मालिका गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

संक्षिप्त नाम, प्रारम्भ र प्रयोगः क) यो कार्यविधिको नाम **मालिका गाउँपालिका करार सेवामा शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यविधि, २०८०** रहेको छ ।

ख) यो कार्यविधि मालिका गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रमा हुने अस्थायी तथा करार नियुक्ति सम्बन्धी प्रयोजनमा लागु हुनेछ ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

घ) यो कार्यविधि मालिका गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, बालविकास सहजकर्ता, गाउँपालिकाको स्रोतबाट तलब खाने पदमा नियुक्त हुने शिक्षक, कर्मचारी, प्रारम्भिक विद्यालय शिक्षक, विद्यालय सहायक तथा सामाजिक परिचालिकाहरूको करार तथा अस्थायी नियुक्तिको लागि प्रयोग हुनेछ ।

२. परिभाषाः  क) ऐन भन्नाले मालिका गाउँपालिकाका शिक्षा ऐन, २०७५ सम्झनुपर्छ ।

ख)"नियमावली" भन्नाले मालिका गाउँपालिका शिक्षा नियमावली, २०७५ सम्झनुपर्छ

ग) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानुन अनुसार गठित शिक्षक सेवा आयोग सम्झनुपर्छ । यो शब्दले प्रादेशिक स्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउने छ ।

घ) "शिक्षा शाखा" भन्नाले मालिका गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

ङ) "कार्यविधि" भन्नाले मालिका गाउँपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि,२०८० सम्झनुपर्छ ।

## परिच्छेद एक

## ३. नेपाल सरकारबाट स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटामा करार शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाः

१ नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने पदमा करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाः

क) विज्ञापन प्रक्रियाः दरबन्दी रिक्त भई विज्ञापन गर्नुपर्ने भएमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित ७ दिन भित्र विद्यालयले गाउँपालिकाको शिक्षा शाखामा लिखित जानकारी सहित शिक्षक सिफारिसको माग गर्ने, गाउँपालिकाले अनुसूची-१ बमोजिमको ढाँचामा कम्तीमा १५ दिनको सूचना दिई विज्ञापन गर्नेछ ।यसरी भएको विज्ञापनमा शिक्षक सेवा आयोगबाट शिक्षक करार सूचीमा (मावि र निमाविको हकमा लुम्बिनी प्रदेश र प्रावि तहको हकमा गुल्मी जिल्ला) सूचिकृत व्यक्तिले निवेदन दिएमा नियमानुसार हुनेछ ।

ख)सूचना र जानकारी: विज्ञापनको सूचना संभाव्य सबै माध्यमबाट प्रकाशन गर्नुको साथै सम्बन्धित विद्यालय, वडा कार्यालय र गाउँपालिकाको सूचना पाटीमा विज्ञापन भएको तीन दिन भित्र टाँस्नु पर्नेछ । साथै यस्तो सूचना गाउँपालिकाको वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

ग) परीक्षा मितिः विज्ञापनको अवधि समाप्त भएपछिपरीक्षाको मिति शिक्षक तथा कर्मचारी छनोट समितिले किटान गर्ने छ ।

घ) शिक्षक तथा कर्मचारीछनौट समिति : रिक्त दरवन्दीमा करारमा शिक्षक तथा कर्मचारी छनौट गर्नको लागि तपशिल बमोजिमको पदपुर्ति समिति हुनेछ।

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा नि. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य
सूचिकृत रोष्टर शिक्षकहरू मध्येबाट गोलाप्रथाव्दारा छनोट गरिएका१ जना शिक्षक– सदस्य
शिक्षा अधिकृत वाशिक्षा शाखा प्रमुख वा संयोजकले तोकेको शिक्षा शाखाको कर्मचारी – सदस्य सचिव

परीक्षार्थी संख्या बढी भएमा आवश्यकता अनुसार थप १ जना रोष्टर शिक्षक छनोट गर्न सकिनेछ। उक्त समितिमा आवश्यकतानुसार कार्यालयबाट आमन्त्रित सदस्यहरू राख्न सकिने छ। समितिका संयोजक र सदस्यहरूको पारिश्रमिक यस कार्यविधिले तोकेबमोजिम हुनेछ । साथै परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था छनौट समितिको निर्णयानुसार हुनेछ।

क) आवेदन संकलन तथा नामावली प्रकाशन : उम्मेदवारहरूको आवेदन गाउँपालिकामा दर्ता गर्ने र दर्ता गर्ने अन्तिम समय पश्चात रित पुगेका आवेदकहरूको नाम प्रकाशन गर्ने ।कुनै उम्मेदवारले विवरण फरक पारी पेश गरेको हकमा दाबी विरोध भएमा परीक्षा मिति १ दिन अगावै लिखितरूपमा निवेदन दिनुपर्नेछ।

ख) आवेदन दस्तुर : शिक्षक पदको उम्मेदवारहरूको आवेदन संघीय शिक्षक सेवा आयोगले तोकेको योग्यता र मापदण्डका आधारमा गाउँपालिकामा दर्ता गर्दा आवेदन फाराम सहित प्रा. वि. रू ७००। नि.मा.वि रू१०००। मा.वि(कक्षा ९।१०) रू१५००। मा.वि (कक्षा ११।१२) रू२०००। र प्रारम्भिक बालविकास शिक्षकको रू ५०० सहयोगी कर्मचारीको रु ५००।, विद्यालय सहायकको रू ७००।, परिचालकको रू ५००।, सिकाइ केन्द्र परिचालिकाको रू ५००। आवेदन दस्तुर लिईनेछ।

ग) परीक्षा केन्द्र : परीक्षा गाउँपालिका कार्यालयमा सञ्चालन हुनेछ । कुनै कारणले परीक्षा गाउँपालिका कार्यालयमा नहुने भएमा नहुनाका कारण स्पष्ट गरी छनोट समितिको निर्णय गरेको स्थानमा हुनेछ ।

घ) विज्ञ छनौट प्रक्रिया :छनौट समितिले गाउँपालिकाले उपलव्ध गराएका विषय सूचिबाट विज्ञहरू छनोट गर्नुपर्ने छ । विशेषज्ञ छनोट गर्दा जुन पद, तह वा विषयका लागि विज्ञापन भएको हो सोही तह अनुसार सूचीमा भएका विज्ञलाई परीक्षा हुने दिनगोला प्रथा प्रक्रिया मार्फत छनोट गर्नुपर्ने छ । सो प्रक्रिया अवलम्बन गर्दा चिट्ठा प्रक्रियामा पहिलो पटक छनोट भएका विज्ञ उपलव्ध नभएमा नहुनुका कारण खोली छनोट समितिको छनोट पुस्तिकामा उल्लेख गरी सोही अनुसार क्रमशः अर्को-अर्को विज्ञ छनौटको प्रक्रिया अगाडि बढाउनुपर्ने छ ।

ङ) प्रश्नपत्र निर्माण प्रक्रियाः विषय विज्ञहरूले शिक्षक छनोटको लागि शिक्षक छनोट समितिको उपस्थितिमा सामुहिक रूपमा कम्तीमा २ सेट प्रश्नपत्र निर्माण गरी दिनुपर्नेछ । यसरी तयार गरी राखिएका सेटहरूबाट परीक्षा समितिको उपस्थितिमा परीक्षाको दिन नै गोलाप्रथा माध्यमबाट छानी, मोडरेशन गर्नुपर्ने भएमा तत्काल गरी टाइप र आवश्यक मात्रामा फोटोकपी गरी विषय विज्ञले शिक्षक छनोट समितिलाई बुझाउनुपर्नेछ ।प्रश्नपत्र पहिले नै तयार नभएको अवस्थामा परीक्षा हुने दिन नै समितिको रोहवरमा विषयविज्ञबाट तयार गरी प्रयोग गरिनेछ ।

च) पाठ्यक्रमःशिक्षक सेवा आयोगद्वारा प्रकाशित पाठ्यक्रम एवं विशिष्टीकरण तालिकालाई पूर्णतः पालना गर्नुपर्नेछ भने प्रारम्भिक बालविकास शिक्षक, विद्यालय सहायक, सहयोगी र परिचालक छनौटका लागि अनुसूची बमोजिमको पाठ्यक्रमलाई आधार लिइने छ । साथै अन्तरवार्ता शिक्षक सेवा आयोगको पूर्णाङ्कको आधारमा गर्नुपर्नेछ ।

छ) उत्तरपुस्तिका परीक्षणः

छनौट समितिका सदस्य सचिवले उत्तरपुस्तिका कोडिङ्ग गरी विशेषज्ञहरूवाट उत्तरपुस्तिका परीक्षण गराउने । सम्बन्धित शिक्षा प्रमुख अथवा विज्ञबाट उत्तरपुस्तिका सम्परिक्षण गराउने । समपरीक्षण पछि परीक्षकले दिएका प्राप्ताङ्क गोप्यरुपमा राखी सदस्य सचिवलाई राख्न दिने । उत्तरपुस्तिका परीक्षणको समयमा तोकिएका अधिकृतले बाहेक अरुले उत्तरपुस्तिका हेर्न प्रतिबन्ध हुनेछ ।

ज) अन्तरवार्ता सञ्चालन प्रक्रियाः

शिक्षकको हकमा शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार अन्तरवार्ता (प्रक्रिया,पूर्णाङ्क र उत्तिर्णाङ्क) सञ्चालन गरिनेछ । अन्तरवार्ता छनौट समितिका संयोजक, सदस्यसचिव,विज्ञ र शिक्षाविदहरूबाट हुनेछ ।

झ) परीक्षाको नतिजा प्रकाशनः

छनौट समितिले परीक्षाका सम्पूर्ण प्रक्रियाहरू पूरा गरी सफल सबै उम्मेद्वारहरूको नाम वर्णानुक्रमका आधारमा नतिजा प्रकाशन गर्ने ।

ञ) अन्य परीक्षा :

प्रारम्भिक बालविकास शिक्षक, विद्यालय सहायक , सहयोगी र परिचालकको नियुक्ति अन्तरवार्ता र लिखित परीक्षाको माध्यमबाट गरिने छ । अन्तरवार्ताको अंकको मापदण्ड शिक्षक सेवा आयोग अनुसार हुने र लिखित परीक्षाको पाठ्यक्रमको ढाँचा कार्यविधिकोअनुसूची बमोजिम हुनेछ ।

ट) सिफारिस तथा नियुक्तिः

परीक्षामा सफल उम्मेदवारमध्ये सबैभन्दा बढी अङ्क ल्याउने परीक्षार्थीलाई नियुक्तिका लागि गाउँपालिकाले विद्यालयमा सिफारिस गर्नेछ । सिफारिस गरिएको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिले तत्काल नियुक्ति दिनुपर्नेछ।

ठ) उपदफा ट) बमोजिम सिफारिस गरिएको व्यक्तिले ७ दिन भित्र नियुक्ति नबुझेमा, राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा सोही पदको लागि भएको छनोट परीक्षाबाट व्यवस्था गरिएको बैकल्पिक उम्मेदवारहरूमध्येबाट योग्यताक्रमअनुसार सिफारिस गर्न सकिनेछ। सो प्रयोजनको लागि कार्यालयबाट ३ दिनको म्याद राखी सम्बन्धित बैकल्पिक उम्मेदवारबाट सिफारिसको लागि निवेदन माग गर्नुपर्नेछ।

ड) योग्यताः

शिक्षक पदको लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको योग्यता बमोजिम हुनेछ। प्रारम्भिक वालविकास शिक्षकको लागि न्युनतम एस.इ.इ उत्तीर्ण, विद्यालय सहयोगीका लागि साधारण लेखपढ गर्न सक्ने, सामुदायिक अध्ययन केन्द्रका परिचालिकाको लागि एस.इ.इ. उत्तीर्ण र विद्यालय सहायक पदका लागि लेखाशास्त्र, गणित, अर्थशास्त्र विषयलिई माध्यमिक शिक्षा (कक्षा १२) वा सो-सरह पास गरेको र बेसिक कम्प्युटर तालिम प्राप्त उम्मेदवारहरू योग्य हुनेछन्। प्रारम्भिक बालविकास शिक्षक, सामुदायिक सिकाई केन्द्र परिचालक तथा विद्यालय कर्मचारी छनौटको पाठ्यक्रम अनुसूची २ मा उल्लेख भएबमोजिम हुनेछ।

## परिच्छेद २- परीक्षा सञ्चालन

२.१ परीक्षा अनुगमनः

गाउँ शिक्षा समितिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष र सामाजिक विकास समिति संयोजकबाट परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण कार्यको अनुगमन गर्ने व्यवस्था हुन सक्नेछ ।

२.२ पारिश्रमिकः

२.२.१ परीक्षामा संलग्न समितिका पदाधिकारी तथा अन्य कर्मचारीहरूले तपसिल बमोजिम सेवा सुविधा पाउनेछन।

क) परीक्षा समितिको प्रति बैठक भत्ता – रू १५००।

ख) प्रश्नपत्र निर्माण रोष्टर प्रति सेट- रू १०००।

ग) उत्तरपुस्तिका परीक्षण प्रति सेट- रू ५००। (विषयगत ३५० र वस्तुगत १५०)

घ) प्रश्नपत्र टाइपिङ प्रति सेट- रू ६०० (वस्तुगत ४०० र विषयगत २००)

२.२.२ परीक्षा संलग्न अन्य कर्मचारीले पाउने सेवा सुविधाः

क) केन्द्राध्यक्ष रा.प. तृतीय वा सो सरहः रू १५००। (प्रति दिन)

ख) सहायक केन्द्राध्यक्ष (रा.प. अन. प्रथम वा सो सरह)- रू १२००।

ग) निरीक्षक – रू १०००।

घ) कार्यालय सहयोगी – रू ५००।

ङ) परीक्षामा रोष्टरको रूपमा खटिएका विज्ञलाई ५ कि.मी. भित्र रू १००, ५ कि.मी. देखि ७ कि.मि. सम्म रू ५०० र ७ कि.मि. भन्दा माथि वा अन्य गा.पा.बाट खटिएका विज्ञलाई रू१०००। यातायात खर्च उपलब्ध गराइने छ।

२.३ विविधः

क) समितिको बैठक सम्बन्धी व्यवस्थाः

परीक्षा समितिको बैठक परीक्षालाई मर्यादित, पारदर्शी बनाउन प्रत्येक त्रैमासिक रूपमा बस्नेछ। बैठकमा शिक्षा समितिका पदाधिकारीहरू लाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ । यसरी आमन्त्रित पदाधिकारीहरूको सेवा सुविधा परिच्छेद २.२.१ बमोजिम नै हुनेछ।

ख) मसलन्द तथा स्टेशनरीः

परीक्षा सञ्चालनको क्रममा आवश्यक मसलन्द तथा स्टेशनरी लगायत अन्य खर्च गाउँपालिकाको कार्यविधि र नियमानुसार हुनेछ।

ग) बाधा अड्काउ हटाउने अधिकारः

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको निर्णयानुसार संशोधन गर्न सकिनेछ।

२.४. शिक्षक तथा कर्मचारी छनोट प्रक्रियामा सहभागी परीक्षार्थीहरूले पालना गर्नुपर्ने आचार संहिता प्रचलित ऐन तथा नियमावली अनुसार हुनेछ।

## अनुसूचीहरू

**अनुसूची -१**

**करारमा शिक्षक तथा कर्मचारी आवश्यकताको लागि विज्ञापन**

प्रस्तुत विषयमा **"मालिका गाउँपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८०"**बमोजिम यस गा.पा अन्तर्गतका विद्यालयहरूमा करारमा शिक्षक छनौट गरी रिक्त दरवन्दी पदपुर्ति गर्न तपशिल बमोजिमका शिक्षक आवश्यक रहेकाले शिक्षक सेवा आयोगले तोकेको योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

पदः शिक्षक/विद्यालय सहायक/सहयोगी /बालविकास शिक्षक/ परिचालक

तहः

विषयः

संख्याः

उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, (शिक्षक, सहजकर्ता र कर्मचारी)

शैक्षिक योग्यताः आधारभुत तहका लागि सम्बन्धीत विषयमा आई एड वा सो सरह माध्यमिक तहको लागि सम्बन्धीत विषयमा वि.एड वा सो सरह, उत्रिर्ण।

आवश्यक कागजातहरुः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, न्यनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अध्यापन अनुमतिपत्रको प्रमाणपत्रको प्रतिलिपी, निवेदन

दरखास्त दिने अन्तिम मितिः

दरखास्त दिने स्थानः मालिका गा.पा को कार्यालय

दरखास्त दस्तुर ; प्रा वि (७००) नि मा वि (१०००) मा वि (१५००) र मा.वि (११-१२) २०००। विद्यालय सहायक (७००), विद्यालय सहयोगी (५००), परिचालक (५००)।

परीक्षा मिति ;

अनुसूचि-२

क) विद्यालय सहायक , सहयोगी, प्रारम्भिक बालविकास शिक्षक तथा सामुदायिक अध्ययन केन्द्र परिचालकको नियुक्तिका लागि अन्तरवार्ता तथा लिखित परीक्षाको पाठ्यक्रम:

**क) विद्यालय सहयोगी:**

| क्र स | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| १ | व्यक्तिगत तथा वातावरणीय सरसफाइ सम्बन्धी ज्ञान | १० |
| २ | नेपाली भाषा सम्बन्धी ज्ञान | १० |
| ३ | विद्यालय सहयोगीको काम कर्तव्य र अधिकार | १० |
| ४ | वालमैत्री शिक्षा र व्यवहार | १० |
| ५ | व्यवस्थापकीय पक्ष र कुशलता | २० |
| ६ | गणित सम्बन्धी सामान्य ज्ञान | १० |
| ७ | अंग्रेजी सम्बन्धी सामान्य ज्ञान | १० |
| | **विषयगत कुल** | ८० |
| | सामान्य परीक्षा | २० |
| | अन्तर्वार्ता | २५ |

**ख) प्रारम्भिक बालविकास शिक्षकको पाठ्यक्रम:**

| क्र स | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| १ | बाल मनोविज्ञान र बालमैत्री सिकाइ सहजीकरण विधिहरू | १० |
| २ | बिभिन्न खेल विधि र सिकाइसम्बन्धी ज्ञान | १० |
| ४ | भाषा र गणित सम्बन्धी ज्ञान | २० |
| ५ | सरसफाइ,स्वास्थ्य तथा पोषणसम्बन्धी ज्ञान तथा सिप | १० |
| ६ | बालमैत्री सिकाइ सहजीकरणमा स्थानीय सामग्रीको प्रयोग सम्बन्धी व्यवहारिक ज्ञान तथा सिप र सिर्जनात्मक कला | १० |
| ७ | शिक्षक विद्यार्थी र अभिभावक विचको अन्तरसम्बन्ध | १० |
| ८ | संविधान, शिक्षा ऐन, नियमावलीमा बालवालिका र बालविकास सम्बन्धी व्यवस्था | १० |
| | विषयगत कुल | ८० |
| | सामान्य परीक्षा | २० |
| | अन्तर्वार्ता | २५ |

**ग)विद्यालय सहायक कर्मचारी**

| क्र.स | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| १ | गणित(नाफा नोक्सान व्याज, प्रतिशत, ऐकिक नियम, घरायसी अंकगणित र क्षेत्रमिति) | २० |
| २ | कम्प्युटर (परिचय विभिन्न भागको जानकारी तथा प्रयोग) | २० |
| ३ | विद्यालय लेखा सम्बन्धी ज्ञान तथा सिप | ४० |
| ४ | विद्यालय प्रशाशन तथा व्यवस्थापन सम्बन्धी विभिन्न ऐन नियमको | १० |

| | | |
|---|---|---|
| | जानकारी | |
| ५ | विद्यालय लेखा प्रणाली ( सास), अनलाइन राजश्व , कर लगायत शुल्क दाखिला गर्ने ज्ञान तथा सिप | १० |
| | विषयगत | १०० |
| ६ | सामान्य परीक्षा १०० (समष्टिगत प्राप्ताङ्कमा सामान्य परीक्षाको ५०% अंक जोडिने) गरी जम्मा | १०० |
| ७ | प्रयोगात्मक | आवश्यकतानुसार |
| | अन्तरवार्ता | २५ |

## सामुदायिक सिकाई केन्द्र परिचालकको पाठ्यक्रम

| क्र स | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| १ | नागरिक शिक्षा सम्बन्धी ज्ञान | १० |
| २ | भाषा र गणितसम्बन्धी ज्ञान | १० |
| ३ | विज्ञान वातावरण र सूचना प्रविधि सम्बन्धी ज्ञान | १० |
| ४ | सामुदायिक सिकाई केन्द्र सम्बन्धी ज्ञान | ५ |
| ५ | अनौपचारिक शिक्षा र सिकाई सम्बन्धी ज्ञान | १० |
| ६ | सरसफाई स्वास्थ्य तथा पोषणसम्बन्धी ज्ञान सिप | १० |
| ७ | प्रौढ सिकाइ सहजीकरणमा स्थानीय सामग्रीको प्रयोग सम्बन्धी व्यवहारिक ज्ञान तथा सिप र सिर्जनात्मक कला | १० |
| ८ | समुदाय र सरोकारवाला विचको अन्तरसम्वन्ध | १० |
| ९ | नेपालको संविधान, प्रचलित शिक्षा ऐन र नियमावलीमा अनौपचारिक शिक्षा सम्बन्धीव्यवस्था | ५ |
| | विषयगत कुल | ८० |
| | सामान्य परीक्षा | १०० |
| | अन्तर्वार्ता | २५ |

पुनश्चः विषयगत र सामान्य परीक्षा ३ घण्टाको समयमा एकै पटक सञ्चालन हुनेछ ।यस अनुसूचीमा भएको सामान्य परीक्षाको प्रश्नहरू विषयगत परीक्षाका विषयवस्तुबाट समानुपातिक रूपमा २० वटा प्रश्नहरू निर्माण गर्नुपर्नेछ ।

समाप्त

आज्ञाले

विकास खनाल

प्रमुख प्रशासकीय अधिकृत